ऐन संख्या- १

# फेदाप गाउँपालिकाको आर्थिक ऐन, २०७४

## गाउँसभा बाट स्वीकृत मितिः-२०७४/०५/२४

फेदाप गाउँपालिका, तेह्रथुम

फेदाप गाउँपालिका

तेह्रथुम

१ नं. प्रदेश, नेपाल

http://www.facebook.com/fedap.rural.municipality

E-mail-fedap.ruralmun@gmail.com

☎-९८५२०८०६००

## फेदाप गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना:**फेदाप गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फेदाप गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "फेदाप गाउँपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ ।

   (२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि फेदाप गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ( १) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

३. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **जडिबुटी करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन पटके करः** गाउँपालिका भित्रको सडकमा सवारी साधन आवत जावत गरे बापत अनुसूचि (४) बमोजिम सवारी साधनपटके कर लगाइने र असुल उपर गरिनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि ( ५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले उपलब्ध गराएको बिभिन्न सेवामा सेवाग्राहीबाट अनूसूचि (७) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

फेदाप गाउँपालिका तेह्रथुम

९. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो पर्यटकीय क्षेत्रहरुबाट अनूसूचि (८) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **भुमि करः** प्रदेश कानून बनेपछि सोही बमोजिम लगाइनेछ ।

११. **मालपोत शुल्क (तिरो):** गाउँपालिका क्षेत्र भित्र रहेका ब्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसुची (९) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **घर करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घरको कर अनुसुची (१०) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१३. **जरिवाना शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका विवाद, झैझगडा, द्वन्द्व बापतको अनुसुचि (११) बमोजिमको शुल्क लगाउने असुल उपर गर्नेछ ।

१४. **निकासी करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको गोलिया निकासी बापतको अनुसुची (१२) बमोजिमको शुल्क लगाउने तथा कर लगाइने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिइ बाँकी व्यवसायको कर मिनाहा गरिनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने घर वहाल करको दर**

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २ | कुनै पनि सार्वजनिक सँस्था /सरकारी कार्यालय / निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा | सम्झौता भए बापतको १३% | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची २

(दफा ३ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय करको दर**

| क्र.सं. | विवरण | वार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १ | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | |
| २ | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | १००० | |
| ३ | तालिम हल, एट्याच टोइलेट बाथरुम, वाईफाई सहितको होटल | २००० | |
| ४ | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | १००० | |
| ६ | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज, कपडा/जुत्ता/चप्पल पसल, नर्शरी (फलफुल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रिबितरण), मेडिकल/एग्रोभेट | १००० | |
| ७ | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामाग्रीहरु), ईन्धन व्यवसाय, | ५०० | |
| ८ | हार्डवेयर, फर्निचर | १५०० | |
| ९ | सुनचाँदि पसल, बोर्डिङ विद्यालय, मनि एक्स्चेन्जर (IME) | २००० | |
| १० | सहकारी तथा लघुवित्त (दर्ता) | ३००० | |
| ११ | बैंकिङ तथा बित्तीय कारोवार (ईजाजत/दर्ता) | १०००० | |
| १२ | ठेक्का पट्टा | २००० | |
| १३ | ठेक्का पट्टा लाइसेन्स नविकरण | १५०० | |
| १४ | टेलर/सैलुन/विउटी पार्लर, फ्रेश हाउस, स्टेशनरी | ५०० | |
| १५ | ईलेक्ट्रोनिक्स पसल (मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलिका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु), साइवर, ट्रेकिङ एजेन्सि | ५०० | |
| १६ | अन्य व्यवसाय | ५०० | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची ३

(दफा ४ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने जडिबुटी कर**

| क्र.सं. | जडिबुटी | प्रति केजीको दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | अलैंचि | ५ | |
| २ | अम्लिसो | ०.५ | |
| ३ | चिराइतो | २ | |
| ४ | मजिटो | १ | |
| ५ | अदुवा | ०.२५ | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची ४

(दफा ५ सँग सम्बन्धित)

## गाउँपालिका आफ्नो क्षेत्र भित्र लगाउने सवारी साधन पटके कर

| क्र.सं. | सवारी साधनकोकिसिम | दररेट (एक पटकको रु.) | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, ट्र्याकटर, जिप, टेम्पु | १०० | |
| २ | हेभि इक्विपमेन्ट, स्काईभेटर, डोजर | ५०० | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची — ५

(दफा ६ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः**

| **क्र.सं.** | **प्रकार** | **दररेट वार्षिक रु.** | **कफियत** |
|---|---|---|---|
| १ | कुनै व्यवसाय, कम्पनी, होटल व्यवसायले होर्डिङ वोर्ड, फ्लेक्स प्रिन्ट, पर्खाल बार भित्ता आदिमा विज्ञापन गरे बापत | १००० | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची ६

(दफा ७ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जादु, चटक देखाये बापत लगाउने कर–**

| क्र.सं. | विवरण | दररेट (एक पटकको) | कैफियत |
|---|---|---|---|
| १ | जादु, चटक, नाटक, सर्कस देखाए बापत | १०० | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची ७

(दफा ८ सँग सम्बन्धित)

**गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क दस्तुर लगाउने र असुल उपर गर्नेछ ।**

| क्र.सं. | सिफारिसको विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत सिफारिस | १०० | |
| २ | संघ संस्थाको सिफारिस | १०० | |
| ३ | नागरिकता सिफारिस | १०० | |
| ४ | नागरिकता प्रतिलिपि | ३०० | |
| ५ | नाता प्रमाणित (जिवित सँगको/मृतक सँगको) | २०० | |
| ६ | मदिरा उद्योग सिफारिस | १००० | |
| ७ | घर जग्गा नामसारी सिफारिस | २०० | |
| ८ | मोही लगत कट्टा सिफारिस | २०० | |
| ९ | घर कायम सिफारिस | २०० | |
| १० | छात्रवृत्ती सिफारिस | १०० | |
| ११ | अपाङ्ग सिफारिस | ५० | |
| १२ | स्थायी /अस्थायी बसोबास सिफारिस | १०० | |
| १३ | बैबाहिक अङ्गिकृत नागरिकता सिफारिस | २०० | |
| १४ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० (तर २०,००,००० भन्दा बढी भएमा जम्मा मुल्याङ्कनको ०.५% ले) | |
| १५ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० (निशुल्क) | |
| १६ | विद्युत/धारा जडान सिफारिस | २०० | |

केदार गाउँपालिका, तेह्रथुम

| | | | |
|---|---|---|---|
| १७ | जिवित रहेको सिफारिस | ५००० | |
| १८ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० | |
| १९ | फरक जन्ममिति संशोधन सिफारिस | १०० | |
| २० | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | ५०० | |
| २१ | व्यवसाय बन्द/सन्चालनमा नरहेको सिफारिस | ५०० | |
| २२ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २३ | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| २४ | नावालक परिचय पत्र सिफारिस | १०० | |
| २५ | चौपाय सम्वन्धि सिफारिस | १०० | |
| २६ | व्यवसाय दर्ता सिफारिस | २०० | |
| २७ | संस्था/व्यवसाय दर्ता | ५०० | |
| २८ | व्यवसाय नविकरण | २०० | |
| २९ | उद्योग/ विद्यालय ठाउँसारी सिफारिस | १००० | |
| ३० | विद्यालय सन्चालन स्विकृत/कक्षा वृद्वि सिफारिस | १००० | |
| ३१ | जग्गा दर्ता सिफारिस | १०० | |
| ३२ | संरक्षक सिफारिस | १०० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | |
| ३४ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| ३५ | घरबाटो/चारकिल्ला प्रमाणित | २०० | |
| ३६ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ३७ | अविवाहित प्रमाणित | ५०० | |

केदार गाउँपालिका, तेह्रथुम

| | | | |
|---|---|---|---|
| ३८ | जग्गा धनिपुर्जा हराएको सिफारिस | १०० | |
| ३९ | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | |
| ४० | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |
| ४१ | विवाह दर्ता | ५० | |
| ४२ | जन्म दर्ता | ५० | |
| ४३ | मृत्यु दर्ता | ० (निशुल्क) | |
| ४४ | बसाईसराई | ५० | |
| ४५ | घटना दर्ता प्रतिलिपि | ५०० | |
| ४६ | हल भाडा | ५०० | |
| ४७ | उद्योग दर्ता सिफारिस | ५००० | |
| ४८ | चल अचल सम्पत्ति सिफारिस | १००० (२५ लाख सम्मको), त्यो भन्दा माथिको हकमा ०.५% ले | |
| ४९ | संस्थालाई अनुभव पत्र | ५०० | |
| ५० | वन जडिवुटी पुर्जी सिफारिस | ५०० | |
| ५१ | जग्गा नामसारी | २०० | |
| ५२ | बैंक वित्तीय संस्था दर्ता | ५०० | |
| ५३ | प्राईभेट स्कुल दर्ता | ५००० | |
| ५४ | घरेलु साना उद्योग दर्ता | ५०० | |
| ५५ | खानेपानी मुहान दर्ता | १००० | |
| ५६ | ईन्डियन तथा युके पेन्सन सिफारिस | १००० | |
| ५७ | अन्य | ५०० | |

फक्ताङ गाउँपालिका, तेह्रथुम

अनुसुची — ८

(दफा ९ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लिने पर्यटन शुल्कः**

| क्र.सं. | पर्यटक किसिम | दररेट (एक पटकको रु.) | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | २० | |
| १ | सार्क भित्रका | १०० | |
| २ | एसिया भित्रका | ५०० | |
| ३ | अन्य मुलुकका | १००० | |

फेदाप गाउँपालिका, तेह्रथुम

## अनुसुची — ९

(दफा ११ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका व्यक्तिहरुले आफ्नो जग्गाको तिरो तिर्नु पर्ने शुल्क**

| क्र.सं. | प्रकार | खेत (प्रति रोपनी रु.) | बारी (प्रति रोपनी रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | १२ | १० | |
| २ | दोयम | १० | ८ | |
| ३ | सिम | ८ | ६ | |
| ४ | चाहार | ६ | ४ | |
| ५ | घडेरी | प्रति घडेरी रु. २०० | | |
| नोटः एक रोपनी भन्दा कम जग्गा भएमा रु. २० शुल्क लिइनेछ | | | | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची – १०

(दफा १२ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको प्रत्येक घरधुरी बाट देहाय बमोजिमको कर लगाउनेछ ।**

| क्र.सं. | प्रकार | दर रु. | **कैफियत** |
|---|---|---|---|
| १ | गाउँको साधारण | २० | |
| २ | बजारको | १०० | |

केदाप गाउँपालिका, तेह्रथुम

अनुसुची - ११

(दफा १३ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा, सामाजिक विवाद, द्वन्द्व बापत लगाउने जरिवाना, शुल्क**

| क्र.सं. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थलमा मदिरा पिउने, विक्रि वितरण गर्ने, होहल्ला गर्ने, झै-झगडा गरेमा | पहिलो पटक - १००० <br> दोस्रो पटक - १५०० <br> तेस्रो पटक — ३००० | |
| २ | सार्वजनिक स्थलमा जुवातास खेलेमा | पहिलो पटक — १००० <br> दोस्रो पटक — १५०० <br> तेस्रो पटक - ३००० | |
| ३ | देवयानी प्रकृतिका मुद्दाहरुमा | १००० | |
| ४ | महिला हिंशा, घरेलु हिंशा | पहिलो पटक - १००० <br> दोस्रो पटक - १५०० <br> तेस्रो पटक - ३००० | |

फेदाप गाउँपालिका, तेह्रथुम

अनुसुची – १२

(दफा १४ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने गोलिया निकासी गरे बापतको शुल्क तथा कर**

| क्र.सं. | विवरण | करको दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | सल्लो | प्रति रुख – रू.२५ | |
| २ | उत्तिस | प्रति रुख – रु. २५ | |
| ३ | चिलौने | प्रति रुख – रु. ३५ | |
| ४ | कट्टुस र ठुलो पात्ले | प्रति रुख – रु. ३५ | |

**अध्यक्षद्वारा प्रमाणिकरण मितिः २०७४।०५।२४**

फेदाप गाउँपालिका, तेह्रथुम